"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : २०७९/०८०

चलानी नं. : १०३४

मिति : २०८०/०२/२२

## लम्पी स्किन रोगबारे अत्यन्त जरुरी सूचना !

नेपालका विभिन्न जिल्लाहरुका गाईभैसीहरुमा पक्स समुहको भाइरस बाट लाग्ने सरुवा किसिमको **लम्पी स्किन रोग (Lumpy Skin Disease)** देखा परिरहेको अवस्थामा यस नमोबुद्ध नगरपालिका विभिन्न वडाहरुको गाई भैसीहरुमा **उच्च ज्वरो आउने, शरीरका विभिन्न भागहरुमा साना देखि ठुला गिर्खाहरु देखिने, थुतुनो, ओठ, मुख, र नाकभित्र घाउ देखिने तथा लिम्फ नोड सुन्नीने** लक्षण देखा परि विरामी भएको हुँदा यो रोग संक्रमित पशुबाट स्वस्थ पशुमा ओसारपसार र लसपसबाट सजिलै सर्ने हुँदा नगर क्षेत्र बाहिरबाट र नगर क्षेत्र भित्रका एक टोल देखि अर्को टोलमा गाई/भैंसी ओसारपसार नगर्नु नगराउनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

ईश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**पशु सेवा विभाग**

हरिहरभवनको

## लम्पी स्किन रोगबारे अत्यन्त जरुरी सूचना

गर्मीयाम सुरु भए लगत्तै देशभरि लम्पी स्किन रोगको प्रकोप फैलिएको छ। यो रोग झिंगा (डाँस), भुसुना, लामखुट्टे, किर्नाको टोकाइबाट सर्ने संक्रामक रोग हो। यो रोग लागेका गाई, भैंसीको छालामा साहो गिर्खा देखिने र उच्च ज्वरो आउने गर्दछ। रोगी गाई, भैंसीको दूध उत्पादन घट्छ। यस रोगको रोकथाम तथा उपचारका लागि निम्नानुसार गर्न अनुरोध गर्दछौं।

**रोग देखिएका गाई, भैंसीलाई गरिने प्राथमिक उपचारः**

- ज्वरो घटाउनका लागि पारासिटामोल (वा मेलोक्सिकेम) प्रयोग गर्ने
- घाउ चिलाउन कम गर्नको लागि प्राविधिकको सल्लाह अनुसार उचित औषधिको प्रयोग गर्ने
- फुटेको तथा आलो घाउ सफा गरी एन्टिसेप्टिक मलहम प्रयोग गर्ने
- रोगका कारण सिथिल भएको पशुलाई आवश्यकता अनुसार सलाइन दिने
- शरीरमा गिर्खाको संख्या अत्याधिक भएका पशुमा आइभरमेक्टिन सुई लगाउने
- घाउ पाकेको अवस्थामा प्राविधिकको सल्लाह अनुसार एन्टिवायोटिक्सको सुई लगाउने

**रोग लागेका गाई, भैंसीको हेरचाहः**

- रोग देखिने वित्तिकै बथानबाट छुट्याएर अलग्गै राख्ने
- ज्वरो आएको पशुलाई जोत्ने, गाडा तान्ने काममा नलगाउई आराम गराउने
- प्रशस्त मात्रामा सफा पानी खान दिने
- पातलो कुँडो वा नरम घाँस दिने, दाना,पानी राम्ररी नखाने पशुलाई सख्खर पानी वा गुँड पानी खुवाउने
- गोठमा झिंगा, भुसुना, लामखुट्टे लाग्न नदिन गोठमा र गोठ वरिपरी झाडी तथा बुट्यान सफा गर्ने, गोठ फिनेलको घोलले सफा गर्ने, पशुको वरिपरी किरा तथा भुसुना भगाउने किसिमका स्प्रेको प्रयोग गर्ने
- आफ्नो गोठमा अनावश्यक व्यक्तिलाई आवतजावत गर्न नदिने, रोगी पशुलाई सामुहिक चरन, खर्क,आहालमा नलैजाने।

यसबारे थप जानकारीका लागि नजिकैको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क गर्नुहोला।

**पशु सेवा विभाग, हरिहरभवन**

फोन नं: ०१-५५२१६१०,
०१-५५२५४७८, ०१-५५२२०५६